नेपाल सरकार
भूमिसुधार तथा व्यवस्था मन्त्रालय
भूमिसुधार तथा व्यवस्थापन विभाग
(जग्गा प्रशासन शाखा)

फ्याक्स नं. ४२३०५८५
महानिर्देशक: ४२२३०४९
निर्देशक प्रशासन: ४२२५९८
निर्देशक योजना: ४२२६९८८
क.प्र.शाखा: ४२६६४९३
आ.प्र.शाखा: ४२६६४९३
पिए Ext. ४२२००२८

पत्रसख्या:- ०७१/०७२/
चलानी नं.:- ४०१

ववरमहल,काठमाण्डौं
मितिः-२०७१/१०/२३

विषयः परिपत्र सम्वन्धमा ।

श्री मालपोत कार्यालय,
सवै ।

नेपाल सरकार (मन्त्रीपरिषद) को निर्णयानुसार गठित सुकुम्वासी समस्या समाधान आयोग र सो अन्तरगत काठमाण्डौं उपत्यका वाहेकका ७२ जिल्लामा गठन गरिएको सुकुम्वासी समस्या समाधान जिल्ला समितिहरूका विषयमा सम्वन्धमा निवेदक अधिवक्ता चन्द्रमणी पौडेलको निवेदन परी सम्मानीत सर्वोच्च अदालतवाट मिति २०७१/१०/८ गते उत्प्रेषणको आदेशमा **"मुद्धाको अन्तिम किनारा नभएसम्म मिति २०७१/४/१९ को आदेशको व्यवस्था कार्यान्वयन नगर्नु नगराउनु"** भनि सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(१) वमोजिम अन्तरिम आदेश जारी भएको हुंदा ७२ वटा सुकुम्वासी समस्या समाधान जिल्ला समितिहरूलाई देहाय वमोजिमको निर्देशन सहित परिपत्र गरी दिनुहुन नेपाल सरकार ( माननीय मन्त्रीस्तर) को मिति २०७१/१०/२० को निर्णयानुसार अनुरोध गरिन्छ भनि भूमिसुधार तथा व्यवस्था मन्त्रालयको प.सं.३(२/२)२०७१/०७२ च.नं. १६१ मिति २०७१/१०/२१ को पत्रवाट लेखि आएको हुंदा तपसिलमा लेखि आए वमोजिम गर्नु गराउनु हुन आदेशानुसार अनुरोध छ ।

तपसिल:

१. आयोग र समितिले कार्यालय प्रयोजनार्थ भाडामा लिएका घरहरू २०७१/११/१ देखि खाली गर्ने ।
२. आयोगलाई मन्त्रालयमा राख्ने व्यवस्था मिलाउने ।
३. समितिहरूलाई उपलब्धताका आधारमा सम्वन्धित जिल्लाका मालपोत कार्यालयमा, मालपोत कार्यालयमा स्थान उपलब्ध नभए उपलब्धताका आधारमा नापी कार्यालयहरूमा राख्ने व्यवस्था मिलाउने ।
४. संकलन भएका निवेदन कागजातहरू राख्न छुट्टै कोठाको जरूरी पर्ने भएमा सो प्रयोजनार्थ बढीमा दुई कोठा सम्म भाडामा लिने व्यवस्था मिलाउने ।
५. आयोग र समितिमा काजमा राखिएका कर्मचारीहरूलाई तत्काल काज फिर्ता गरि साविक कार्यालयहरूमा पठाउने ।
६. करारमा नियुक्त कर्मचारीहरूलाई करार अन्त गरी फागुन महिनावाट सेवामुक्त गर्ने ।
७. कागजातहरू तथा अन्य चल अचल सम्पत्ति आयोगको हकमा मन्त्रालयमा राख्ने तथा जिल्ला समितिहरूको हकमा सम्वन्धित मालपोत कार्यालयहरूमा वुझाई सुरक्षित साथ राख्ने व्यवस्था मिलाउने ।

वोधार्थ

श्री भूमिसुधार तथा व्यवस्था मन्त्रालय,
(वसोवास व्यवस्थापन शाखा) सिंहदरवार ।
श्री सुकुम्वासी समस्या समाधान आयोग,

नेपाल सरकार
भूमिसुधार तथा व्यवस्था मन्त्रालय
भूमिसुधार तथा व्यवस्थापन विभाग
(जग्गा प्रशासन शाखा)

फ्याक्स नं. ४२३०५८५
महानिर्देशक: ४२२३०४९
निर्देशक प्रशासन: ४२२५९८
निर्देशक योजना: ४२२६९८८
क.प्र.शाखा: ४२६६४९३
आ.प्र.शाखा: ४२६६४९३
पिए Ext. ४२२००२८

पत्रसख्या:- ०७१/०७२/ 85
चलानी नं.:- 2020

वबरमहल,काठमाण्डौं
मितिः-२०७१/१०/२६

विषयः विवरण उपलव्ध गराउने ।

श्री मालपोत कार्यालय,
सदै ।

प्रस्तुत विषयमा साविकमा नापनक्सा भई फिल्डवुक कायम भएका जग्गाहरू दर्ता गर्न परेका निवेदनहरू मध्ये फछ्र्यौट हुन बाँकी निवेदनहरू के कति छन् सोको विवरण तपसिल वमोजिमको ढाँचामा ३(तीन) भित्र पठाउनु हुन आदेशानुसार अनुरोध छ ।

०७१/१०/२६

तपसिल:

| सि.नं. | रैकर | विर्ता | स्ववासी | बेनिस्सा | कोदाले | उखडा | आँकडा | अन्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |



"निजामती सेवाको मान्यता: अनुशासन, इमान्दारी र नैतिकता"